# रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको बजेट बक्तव्य

## आ.व. २०८२/८३

मिति:२०८२।०३।०७

१.१ सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

रामारोशन गाउँपालिकाको गरिमामय गाउँसभाको १८ औँ अधिवेशन को दोस्रो वैठकमा आ.व.२०८२ /८३ को बजेट तथा कार्यक्रम प्रस्तुतीकरण सभामा पाल्नुहुने सभाका सम्पुर्ण सदस्य ज्यूहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । यो गरिमामय गाउँसभाको अवसरमा राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र प्राप्ति, तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माका लागि भएका जन आन्दोलन एवं बलिदानीपूर्ण संघर्षमा देश र जनताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पुर्ण महान सहिदहरुमा भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु ।

आज हामी नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी जनताद्वारा अनुमोदित जनप्रतिनिधि मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा संघ, प्रदेस र स्थानीय तहहरु आ-आफ्नो अधिकार क्षेत्रभित्र रही जनआकांक्षा सम्वोधन तथा दिगो शान्ति, सुशासन विकास र समृद्धिको प्राप्तिको व्यवहारिक अभ्यास गरिरहेका छौँ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह प्रति नागरिकका अपेक्षाहरु धेरै छन् ती अपेक्षाहरु सम्बोधन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समेत समन्वय गरि क्रमश नागरिकका अपेक्षा तथा आवश्यकताहरु परिपूर्ति गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

१.२ सभा अध्यक्षज्यू

गाउँ सभाका सदस्यज्यूहरु,

चालु आर्थिक वर्षको निति तथा कार्यक्रम एवं बजेटको संक्षेपमा समिक्षा प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको हालसम्मको आम्दानी तथा खर्चको सारांश यस प्रकार रहेको छ ।

आय तर्फः

| क्र.सं. | आय शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आय प्रतिसत |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त हुने आय | ३४२७६८००० (३४ करोड २७ लाख ६८ हजार) | ३२९३५५८९७ (३२ करोड ९३ लाख ५५ हजार ८९७) | ९६.०९ प्रतिसत |
| २ | प्रदेस सरकारबाट प्राप्त हुने आय | ३९९४४००० (३ करोड ९९ लाख ४४ हजार) | २३९४४००० (२ करोड ३९ लाख ४४ हजार) | ५९.९४ प्रतिसत |
| ३ | राजश्व वाडफाँड संघ र प्रदेश | ११६८९७००० (१० करोड ६८ लाख ९७ हजार) | ८४७०५००० (८ करोड ४७ लाख ५ हजार) | ७७.७९ प्रतिसत |
| ४ | आन्तरिक श्रोत | ५३३९७००० (५ करोड ३३ लाख ९७ हजार) | २०५५४००० (२ करोड ५ लाख ५४ हजार) | ३८.४९ प्रतिसत |

| | | | | |
|---|---|---|---|---|
| ५ | जम्मा | ५४५००६००० (५४ करोड ५० लाख ६ हजार) | ४५८५६०००० (४५ करोड ८५ लाख ६० हजार) | ८४.१३ प्रतिसत |

यसरि हालसम्मको स्थितिमा प्रस्तावित आय र वास्तविक आयको विचमा १६ प्रतिसतको अन्तरले हाम्रो आगामी आर्थिक वर्षमा सिर्जित हुने दायित्वको अवस्था देखाउछ।

यसै गरि चालु आर्थिक वर्षको क्षेत्रगत रुपमा हालसम्मको यथार्थ व्ययको अवस्था यस प्रकार रहेको छ।

| क्र.सं. | व्यय शिर्षक | विनियोजित रकम | वास्तविक खर्च | खर्च प्रतिसत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६७५०००० (१ करोड ६७ लाख ५० हजार) | ५७१०१४२ (५७ लाख १० हजार १४२) | ३४.०९ प्रतिसत |
| २ | सामाजिक विकास | २८९८१७००० (२८ करोड ९८ लाख १७ हजार) | २४१३९८००० (२४ करोड १३ लाख ९८ हजार) | ८३.२९ प्रतिसत |
| ३ | पुर्वाधार विकास | ९३४७४००० (९ करोड ३४ लाख ७४ हजार) | १३५६५००० (१ करोड ३५ लाख ६५ हजार) | १७.६९ प्रतिसत |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३६४५००० (१ करोड ३६ लाख ४५ हजार) | १०११८००० (१ करोड १ लाख १८ हजार) | ७४.१६ प्रतिसत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १२०८१९००० (१२ करोड ८ लाख १९ हजार) | ७६०३९००० (७ करोड ६० लाख ३९ हजार) | ६२.९४ प्रतिसत |
| | जम्मा | ५४५००६००० (५४ करोड ५० लाख ६ हजार) | ३५४६६०००० (३५ करोड ४६ लाख ६० हजार) | ६५.०७ प्रतिसत |

**२.१** यस रामारोशन गाउँपालिको विकास र समृद्धि र सुशासन लागि आ.व. २०८२/८३ को प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट सिलिङ्ग, दिगो विकास लक्ष्य, चालु आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य र रणनीतिहरु, आर्थिक वर्ष २०८२/८३ को संघीय सरकारद्वारा प्रस्तुत बजेट बक्तव्य, आर्थिक वर्ष २०८२/८३ को सुदुरपश्चिम प्रदेश सरकारद्वारा प्रस्तुत बजेट तथा कार्यक्रम, स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्त्रण

कार्यविधि, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र गाउँपालिकामा रहेका विषयगत समितिका सुझाबहरुलाई आधारको रुपमा लिइएको छ।

२.२ सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

- गुणस्तरिय शिक्षा र स्वास्थ्य मार्फत स्वस्थ, सुसंस्कृत र प्रतिस्पर्धि जनशक्ति विकास गर्ने।
- विकासका पूर्वाधारहरुको पहुँच विस्तार गरी बस्तीस्तरसम्म विकासका अवसरहरुको पर्याप्त उपयोग गर्ने अवस्था सुनिश्चितता गर्ने,
- विकास कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दा सरोकारवालाहरु बीच समन्वय कायम गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्त्व बढाई सुशासनको प्रत्याभूति दिने,
- सन्तुलित, समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र जातजातिको श्रोत साधनमा सहुचँ सुनिश्चितता गर्ने,
- कृषि क्षेत्रको व्यवसायिकरण, विविधिकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार मार्फत पर्यटन प्रवर्द्धन गर्दै पर्यटनलाई आर्थिक विकाससंग जोड्ने,

- विकासको दृष्टिले पछाडि परेका वडाहरुमा प्राथमिकताका आधारमा विकास कार्यक्रमहरु पुराई जनताको सामाजिक आर्थिक रुपान्तरण गर्ने,
- स्वच्छ सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको अभिबृद्धि गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुर्याउने,
- वातावरणमैत्री नीति योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,
- समृद्ध, समुन्नत र श्रोत सम्पन्न आधुनिक गाउँपालिकाको रुपमा विकास गर्ने,,

२.३ सभाध्यक्ष महोदय

सभाका सदस्यज्यूहरु

अव म आगामी आर्थिक वर्षका क्षेत्रगत मुख्यमुख्य कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न गैरहेको छु।

१. ***निर्बाहमुखिको विकल्प आधुनिकिकरण, व्यवशायिकरण र बजारिकरण*** भन्ने नारा सहित कृषकद्वारा उत्पादन गरिएको अर्गानिक कोदो र भटमास गाउँपालिकाले खरिद गरि बजारिकरण गर्न बिउपुजिको रुपमा रु ७ लाख विनियोजन गरिएको छ।

२. ***पर्यटन बजारः रामारोशनको समृद्धिको आधार*** भन्ने नारा सहित रामारोशन पर्यटन क्षेत्रलाई व्यवस्थित वनाइ कर र राजश्वको दिर्घकालिन श्रोतको रुपमा स्थापित गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

३. ***उद्यम विकासः स्वरोजगारको आधार*** भन्ने नारा सहित उद्यमशिलता विकास र प्रविधि हस्तान्तरण एवं आवशश्यक सिपमुलक तालिमका लागि रकम विनियोजन गरिएको छ।

४. ***सेवा प्रवाह, अभिलेख र प्रतिवेदनमा एकरुपताः स्वास्थ्य सेवामा प्रभावकारिता*** भन्ने नाराका साथ गुण स्तरिय स्वास्थ्य सेवाको सुनिश्चितताको लागी

स्वास्थ्य क्षेत्रका लागी रु १ करोड ६० लाख रकम विनियोजन गरिएको छ। वडा नं २ र ६ को स्वास्थ्य चौकिको भवन निर्माण र पुर्णताको लागी १ करोड ६० लाख बाहेक अरु थप आवश्यक बजेट विनियोजन गरिएको छ । पालिकामा भएका सम्पुर्ण सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

५. ***नो मिस्टेक इन १००० दिन*** भन्ने नाराको साथ वहुक्षेत्रिय पोषण योजनाको लागी आवश्यक साझेदारीको रकम विनियोजन गरिएको छ।

६. *स्थानीय सरकारको निरिक्षणः शिक्षण देखि परिक्षण* भन्ने नारा सहित रामारोशन शैक्षिक रुपान्तरण अभियानको प्रभावकारी कार्यान्वयनका लागि अभियानलाई सहयोग गर्ने क्रियाकलापमा आवश्यक बजेट विनियोजन गरिएको छ। संघिय विशेष अनुदान अन्तरगत युगअनुसारको प्रविधिमैत्रि शिक्षाको लागी आइसिटि ल्याव व्यवस्थापनको लागी रु १ करोड ६० लाख विनियोजन गरिएको छ। त्यसै गरि विद्यालयका शैक्षिक पुर्वाधार निर्माणका लागि संघीय समपुरक अनुदान अन्तरगत १ करोड ४० लाख र थप गाउँपालिकाको तर्फबाट समपुरक रकम विनियोजन गरिएको छ। त्यसै गरि विद्यालय फर्निचर निर्माणका लागी रु ३० लाख विनियोजन गरिएको छ।

७. ***सामाजिक समावेसिकरणः सामाजिक न्यायको परवर्द्धन*** भन्ने नारा सहित महिला तथा वालवालिका शाखा अन्तरगतका क्रियाकलापका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

८. ***त्रुटिरहित सामाजिक सुरक्षाको लागि त्रुटिरहित पञ्जिकरण*** भन्ने नारा सहित सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धि तालिमको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

९. ***गुणस्तरीय संरचना र दिगो विकास: समृद्ध रामारोशनको आधार*** भन्ने नारा सहित पुर्वाधार क्षेत्रको विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागी रु १ करोड ७५ लाख विनियोजन गरिएको छ र संघीय हिस्साको बजेटका लागी आवश्यक पहल गरिनेछ। वडा नं ४ र ६ को वडा कार्यालय निर्माणको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

१०. ***२०८३ भित्र: रामारोशनको उज्यालो चित्र*** भन्ने नारा सहित उर्जा क्षेत्रमा आवश्यक बजेट विनियोजन गरिएको छ। राष्ट्रिय लाइन विस्तार पालिकाभरि गर्न आवश्यक समन्वय र सहजिकरण गरिनेछ र प्रत्येक विद्यालायमा विद्युतिकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

११. ***स्वच्छ खानेपानी: स्वस्थ्य जिन्दगानी*** भन्ने नारा सहित खानेपानी, सिँचाइ तथा जिविको पार्जनका क्रियाकलाप संचालन गर्ने जलवायु परिवर्तनका लागि स्थानीय अनुकुलन परियोजनामा साझेदारीका लागी रु ५० लाख विनियोजन गरिएको छ।

१२. *जिवनको लागि वातावरण* भन्ने नारा सहित वन तथा वातावरणको लागी संरक्षण तथा सुधारिएको चुलोको संरक्षण मार्फत वातावरण संरक्षण तथा कार्वन व्यापारलाई अर्थपुर्ण रुपमा व्यवहारिक कार्यान्वयनको लागी आवश्यक वजेट विनियोजन गरिएको छ।

१३. ***क्षति न्युनिकरणको लागी पर्याप्त पुर्वतयारी*** भन्ने नारा सहित विपद व्यवस्थापन संग सम्बन्धित सामग्री तथा राहत एवं पुनस्र्थापनाको लागी रु २० लाख विनियोजन गरिएको छ।

१४. ***प्रभावकारी काम र सोहि अनुसारको दाम*** भन्ने नाराका साथ राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगतका आयोजनामा साझेदारीको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

१५. ***युग अनुसारको सेवाप्रवाहको लागी युग अनुसारको प्रविधि*** भन्ने नारा सहित सुशासन, संस्थागत विकास तथा प्रशासनिक खर्चका लागी रु १० करोड ७८ लाख वजेट विनियोजन गरिएको छ ।

२.३ सभा अध्यक्षज्यू

गाउँसभा सदस्य ज्यूहरु

अव म आगामी आर्थिक वर्षको लागी अनुमानित आय र व्ययको सारांश प्रस्तुत गर्न चाहन्छु ।

आय तर्फः

| क्र.सं. | आय शिर्षक | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | ९३७००००० | ९ करोड ३७ लाख |
| २ | संघीय विशेष अनुदान | १६५००००० | १ करोड ६५ लाख |
| ३ | संघीय समपुरक अनुदान | १४०००००० | १ करोड ४० लाख |
| ४ | संघीय ससर्त अनुदान | २४२९००००० | २४ करोड २९ लाख |
| ५ | संघीय राजश्व बाँडफाँड | १०३६००००० | १० करोड ३६ लाख |
| ६ | प्रदेश समानिकरण अनुदान | ८३४६००० | ८३ लाख ४६ हजार |
| ७ | प्रदेश ससर्त अनुदान | ९०००००० | ९० लाख |
| ८ | प्रदेश विशेष अनुदान | ६०००००० | ६० लाख |
| ९ | प्रदेश समपुरक अनुदान | १२२००००० | १ करोड २२ लाख |
| १० | प्रदेश राजश्व बाँडफाँड | ३०७६००० | ३० लाख ७६ हजार |
| ११ | स्थानीय राजश्व | ४२००००० | ४२ लाख |
| १२ | आन्तरिक श्रोत | ३०२१८००० | ३ करोड २ लाख १८ हजार |
| | जम्मा | ५४३६४०००० | ५४ करोड ३६ लाख ४० हजार |

यसै गरि आगामी वर्षको अनुमानित व्ययको सारांश प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं | व्यय शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३०५०००० | ३० लाख ५० हजार |
| २ | वन, वातावरण तथा विपद व्यवस्थापन | २०००००० | २० लाख |
| ३ | शिक्षा युवा तथा खेलकुद | ४३०००००० | ४ करोड ३० लाख |
| ४ | स्वास्थ्य | १६०००००० | १ करोड ६० लाख |
| ५ | महिला बालबालिका | २०००००० | २० लाख |
| ६ | पञ्जीकरण | २५०००० | २ लाख ५० हजार |
| ७ | सुशासन तथा संस्थागत विकास | १०७८०००००० | १० करोड ७८ लाख |
| ८ | पुर्वाधार विकास | ४०२४०००० | ४० लाख २४ हजार |
| ९ | वडागत सिलिङ्ग | १०७०००००० | १ करोड ७ लाख |
| १० | अध्यक्ष तथा उपाध्यक्ष लक्षित कार्यक्रम | ४०००००० | ४० लाख |
| ११ | न्यायिक समितिका कार्यक्रमहरु | ५००००० | ५ लाख |
| १२ | जग्गा प्राप्ति | १५००००० | १५ लाख |
| १३ | वडा कार्यालय भवन निर्माण ३ र ६ | ६०००००० | ६० लाख |
| १४ | स्वास्थ्य चौकि भवन निर्माण | ३०००००० | ३० लाख |
| १५ | स्वास्थ्य चौकि भवन निर्माण भाटाकाटिया | ३०००००० | ३० लाख |
| १६ | संघिय ससर्त अनुदान | २४२९०००००० | २४ करोड २९ लाख |
| १७ | संघीय विशेष अनुदान | १६५०००००० | १ करोड ६५ लाख |
| १८ | प्रदेश ससर्त अनुदान | ९०००००० | ९० लाख |

| | | | |
|---|---|---|---|
| १९ | प्रदेश विशेष अनुदान | ६०००००० | ६० लाख |
| २० | संघीय समपुरक अनुदान | १४०००००० | १ करोड ४० लाख |
| २१ | प्रदेश समपुरक अनुदान | १२२०००००० | १ करोड २२ लाख |
| | जम्मा | ५४३६४०००० | ५४ करोड ३६ लाख ४० हजार |

२.४ सभा अध्यक्षज्यू

गाउँ सभा सदस्यज्यूहरु

सम्मानित गाउँसभावाट पारित योजना तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि कार्यतालिका बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिकाको लक्ष्य प्राप्तिमा केन्द्रित रहन जनप्रतिनिधि र कर्मचारीवीच निरन्तर अन्तरक्रिया गर्ने र कर्मचारीको क्षमता विकासका लागि कार्यसम्पादनसँग सम्वन्धित तालिमको आयोजना गरिनेछ ।

बजेट कार्यान्वयनमा आर्थिक अनुशास सुशासन र मितव्ययिताका मुलभुत सिद्धान्तलाई आत्मसाथ गर्दै वित्तिय अनुशासनलाई जोड दिइनेछ । सार्वजनिक सुनुवाई तथा अनुगमन मुल्याङ्कन गरि बजेटको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । कर प्रणालीलाई व्यवस्थित बनाई नागरिकलाई करप्रति सचेत बनाउन हामिले तिरेको कर हाम्रै विकासका लागि भन्ने भावनाको विकास गर्दै प्रविधिमा आधारित प्रगतिशिल कर प्रणाली लागु गर्ने व्यवस्था मिलाइने छ, करदाताहरुसँग सहकार्य गर्दै नागरिकमैत्री कर प्रणालीलाई जोड दिइ दिइने छ ।

उपरोक्त कार्यक्रम तथा बजेट सम्बन्धमा सभाका सम्पुर्ण सदस्यहरुको रचनात्मक, सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न

नसकेका आयोजनाहरुलाई संघीय सरकार तथा प्रदेश सरकारमा पठाइनेछ ।गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिकाबासी सरोकारवाला सबैको चासो र सहभागिता जरुरी छ । तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तर देखि नै सरोकारवालाहरुले छनोट गरी वडा समिति मार्फत प्राथमिककरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ आर्थिक वर्ष २०८२/८३ को बजेट तयार गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुर्याउनु हुने वडा अध्यक्षज्यूहरु, योजना तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, लगायत सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सिमित स्रोत, साधनलाई अधिकतम सदुयोग गर्न तथा रचनात्मक सुझावका लागि सबैसँग हार्दिकता पुर्वक आग्रह गर्दछु । हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटका सन्दर्भमा विनियोजन विधेयक, २०८२ का रुपमा यसै गाउँसभा पेश हुनेछ र दफावार रुपमा छलफल, बहस गरी विधेयकलाई पास गरी विनियोजन ऐनको रुपमा सरोकारवाला सबैलाई उपलब्ध गराईनेछ । अन्तमा, बजेट तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सबै आदरणीय महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

जय, रामारोशन ।

सिर्जना देवी बुढा
उपाध्यक्ष
रामारोशन गाउँपालिका
२०८२।०३।०७